नगरसभाबाट पारीत: २०७६।११।२९

# छेडागाड नगरपालिकाको स्वास्थ्य तथा सरसफाई ऐन २०७६

## छेडागाड नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय
### कार्कीगाउँ, जाजरकोट
### कर्णाली प्रदेश, नेपाल

प्रमाणीकरण गर्ने
नाम: लालबहादुर महतारा
पद: सभाध्यक्ष
मिति: २०७६।११।२९
पृष्ट संख्या: १५
दस्तखत :

# छेडागाड नगरपालिकाको स्वास्थ्य तथा सरसफाई ऐन, २०७६

प्रस्तावना :

छेडागाड नगरवासीहरुलाई संविधान प्रदत्त स्वास्थ्य सम्वन्धी हक सुनिश्चित गराउन र “नेपालको संविधान; को धारा ५७ को उपधारा (४) को अनुसूची-८ को सूची नं. ९ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ झ मा व्यवस्थित काम कर्तव्य र अधिकारको प्रयोजनको लागि र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ को दफा ११.२.ज वाट छेडागाड नगरपालिकाले पाएको अधिकार प्रयोग गरी नगरपालिका क्षेत्र भित्र र समग्र स्वास्थ्य क्षेत्रको विकासका लागी छेडागाड नगरपालिका क्षेत्रमा स्थापना भएका र भबिष्यमा स्थापना हुने स्वास्थ्य संस्था तथा स्वास्थ्य व्यवसायमा व्यापक सुधार गर्दै समयानुकूल उच्च प्रविधियुक्त र गुणस्तर स्वास्थ्य सेवाको विकास विस्तार गर्न, गराउन स्पष्ट कानूनी व्यवस्था गरी कार्यसम्पादन गर्न वाञ्छनीय भएकाले,

नेपालको संविधान को धारा २२१ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ अनुसार छेडागाड नगरपालिकाको नगर सभावाट छेडागाड नगरपालिकाको स्वास्थ्य सेवा तथा आधारभूत सरसफाई ऐन, २०७६ तर्जुमा गरी पारित गरिएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ:

(क) यस ऐनको नाम ‘’छेडागाड नगरपालिका स्वास्थ्य तथा सरसफाई ऐन, २०७६’’ रहेको छ ।

(ख) यो ऐन छेडागाड नगरपालिकाभर लागु हुनेछ ।

(ग) यो ऐन छेडागाड नगरपालिकाको नगर सभाबाट स्वीकृत भई स्थानिय राजपत्रमा प्रकाशित भएपश्चात लागु हुनेछ ।

२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) नगरपालिका भन्नाले ‘छेडागाड नगरपालिका’ लाई बुझ्नु पर्दछ ।

(ख) “संघीय ऐन” भन्नाले स्वास्थ्य सम्बन्धी संघीय संसदले बनाएको ऐनलाई बुझ्नु पर्दछ ।

(ग) “कार्यपालिका” भन्नाले छेडागाड नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्छ ।

(घ “ऐन” भन्नाले छेडागाड नगरपालिकाको स्वास्थ्य तथा सरसफाई ऐन, २०७६ लाई सम्झनु पर्छ ।

(ङ) “सरकारी वा सामुदायिक” भन्नाले सरकारी तथा सामुदायिक स्वामित्वमा संचालन भएका स्वास्थ्य संस्थालाई सम्झनु पर्दछ ।

(च) ‘निजी स्वास्थ्य संस्था’ भन्नाले नगरपालिकाको क्षेत्रभित्र स्वास्थ्य उपचारको लागी खोलिएका निजी क्षेत्रका शुल्क लिने सबै प्रकारका स्वास्थ्य संस्थाहरु ( जस्तै अस्पताल, क्लिनीक, नर्सिङ्ग होम, बैद्यखाना, सुधार केन्द्र, फार्मेसी, अनुसंधान केन्द्र/डाईग्नोसिस सेन्टर , रक्तसंचार केन्द्र आदी ) लाई बुझाउछ ।

(छ) “ट्रष्ट वा लोक कल्याणकारी” भन्नाले ट्रष्ट वा लोक कल्याणकारी उद्धेश्य सहित स्थापना भएका संस्थाहरु मार्फत संचालन हुने स्वास्थ्य संस्थालाई सम्झनु पर्दछ ।

(ज) “व्यवस्थापन समिति” भन्नाले दफा ६ अन्तर्गत बनेका स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिलाई सम्झनु पर्दछ ।

(झ) “अनुगमन समिति” भन्नाले दफा ५ अनुसार नगरपालिकामा गठित स्वास्थ्य सेवा तथा सरसफाइ अनुगमन समितिलाई सम्झनु पर्दछ ।

(ञ) ‘’ सार्बजनिक वा सरकारी स्वास्थ्य संस्था” भन्नाले सरकारी स्तरबाट संचालित अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, आधारभुत स्वास्थ्य सेवा केन्द्र तथा स्वास्थ्य चौकीलाई सम्झनु पर्दछ ।

## परिच्छेद: २

### आधारभूत स्वास्थ्य सेवा प्रदायक र  स्वास्थ्य सेवा व्यवस्थापन सम्बन्धी व्यवस्था

३. आधारभूत स्वास्थ्य सेवा प्रदायकहरु :

स्थानीय स्तरमा आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य सेवा प्रदायकहरु ३ प्रकारका हुनेछन् :

(क) सरकारी वा सामुदायिक : सरकारी तथा सामुदायिक स्वामित्वमा संचालन भएका अस्पताल, प्राथमिक स्वास्थ्य सेवा केन्द्र, स्वास्थ्य केन्द्र,आधारभुत स्वास्थ्य सेवा केन्द्र, आयूर्वेद तथा प्राकृतिक चिकित्सा केन्द्र, गाउाघर क्लिनिक, आयूर्वेद औषधालय सरकारी वा सामुदायिक स्वास्थ्य सेवा प्रदायक निकाय हुनेछन् ।

(ख) निजी : निजी क्षेत्रद्वारा संचालित अस्पताल, नर्सिङ होम, पोलिक्लिनिक वा क्लिनिक, प्रयोगशाला, निजि आयुर्बेद क्लिनीकहरु, निजी फार्मेसीहरु निजी स्वास्थ्य सेवा प्रदायक निकाय हुनेछन् ।

(ग) ट्रष्ट वा लोक कल्याणकारी संस्थाहरुको अधिनस्थ: ट्रष्ट वा लोक कल्याणकारी उद्धेश्य सहित स्थापना भएका संस्थाहरु  मार्फत संचालन हुने अस्पताल, स्वास्थ्य केन्द्र, घुम्ती क्लिनिक र आयुर्बेद क्लिनीक र जुनसुकै किसिमका स्वास्थ्य संस्था यस अन्तर्गत पर्दछन् ।

४. स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको परिभाषा र आधारभूत मापदण्ड: स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको परिभाषा र आधारभूत मापदण्ड संघीय सरकारले निर्धारण गरे वमोजिम हुने छ ।

५. स्वास्थ्य सेवा व्यवस्थापन, अनुगमन, मुल्याङ्कन तथा सुपरीवेक्षण समितिको गठन, काम, कर्तव्य र अधिकार

(१) नगरपालिका भित्र रहेका स्वास्थ्य संस्थाहरुको व्यवस्थापन, रेखदेख र अनुगमन गर्न निम्न अनुसारको स्थानीय स्वास्थ्य सेवा व्यवस्थापन तथा अनुगमन समितिको गठन हुनेछ ।

| | | |
|---|---|---|
| (क) | नगर प्रमुख | अध्यक्ष |
| (ख) | सामाजिक बिकास समिति संयोजक | सदस्य |
| (ग) | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (घ) | जिल्ला स्वास्थ्य कार्यालय प्रतिनिधी | सदस्य |
| (ङ) | स्वास्थ्य तथा सरसफाई शाखा प्रमुख | सदस्य-सचिव |

(६) स्वास्थ्य सेवा व्यवस्थापन तथा अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय अनुसार हुनेछ :

(क) आफ्नो कार्य क्षेत्र भित्रको स्वास्थ्य सेवा तथा सरसफाइ  सम्बन्धी आवश्यकता र प्राथमिकताहरु पत्ता लगाई ति आवश्यकता र प्राथमिकताहरु सम्बोधन गर्न तथ्यमा आधारीत भई नगरपालिकाको बार्षिक स्वास्थ्य तथा सरसफाई योजना तयार गर्ने, योजना कार्यान्वयन र अनुगमनमा आवश्यक सहयोग गर्ने, ।

(ख) नगरपालिकाको क्षेत्र भित्र स्वास्थ्य संस्था सञ्चालनका लागि अनुमति, स्वीकृति सम्वन्धि कार्यपालिकालाई आवश्यक राय प्रदान गर्ने ।

(ग) स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने, जागरुक र सजग वनाउने र आश्यकताअनुसार क्षमता अभिबृद्धि गर्ने।

(घ) स्वास्थ्य संस्थाहरुको लागि आवश्यक साधन, स्रोत जुटाउने र परिचालन गर्ने गराउने ।

(ङ) स्वास्थ्य संस्थाहरुको सुपरीवेक्षण तथा अनुगमन गर्ने, गराउने ।

(च) स्वास्थ्य क्षेत्रका विशेषज्ञहरु, स्वास्थ्य क्षेत्रमा काम गर्ने गैरसरकारी संघसंस्थाहरु र स्वास्थ्य सेवा प्रदायकहरुको सूची अद्यावधिक तथा प्रकाशन गर्ने ।

(छ) स्वास्थ्य सेवाको पहुच भन्दा बाहिर रहेका समुदायको पहिचान गरी सवैका लागि स्वास्थ्य सेवा सुनिश्चित हुने प्रवन्ध गर्ने ।

(ज) नगर कार्यपालिकालाई स्वास्थ्य तथा सरसफाइ क्षेत्रमा आवश्यक सुझाव र सल्लाह दिने ।

(झ) नगरपालिकाले स्थानीय स्तरमा सञ्चालित चिकित्सकीय उत्पादन र स्वास्थ्य सेवाहरुको न्यूनतम मूल्य र गुणस्तर निर्धारण गर्न सक्नेछ । स्थानीय स्वास्थ्य सेवा अनुगमन समिति मार्फत निर्धारित गुणस्तर र मूल्य भए नभएको अनुगमन गरी सो अनुरुप कार्य गराउन निर्देशन दिने छ ।

(ञ) स्वास्थ्य व्यवस्थापन तथा अनुगमन सम्बन्धी अन्य कार्यहरु गर्ने ।

७. स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको गठन, काम, कर्तव्य र अधिकार :

(१) नगरपालिका आफैले तोकिएको मापदण्डमा १५ शैयासम्म क्षमताको अस्पताल स्थापना गरी संचालन गर्न सक्नेछ । यस्तो अस्पताल संचालन गर्न नगरपालिकाले अस्पताल संचालन नियमावली तर्जुमा गरी संचालन गर्नेछ ।

(२) उपदफा १ बमोजिम स्थापित अस्पताल संचालन तथा व्यवस्थापनका लागी देहाय बमोजिम सदस्य रहने गरी अस्पताल संचालन तथा ब्यवस्थापन समिति गठन गरिने छ ।

| | | |
|---|---|---|
| (क) | नगरपालकिाका मेयर | संरक्षक |
| (ख) | नगरपालिका भित्र बसोबास गर्ने तोकिएको योग्यता पुगेको व्यक्ति मध्ये कार्यपालिकाबाट मनोनित व्यक्ति | अध्यक्ष |
| (ग) | सामाजिक बिकास समिति संयोजक | सदस्य |
| (घ) | सम्बन्धित अस्पताल रहेको वडाको अध्यक्ष | सदस्य |
| (ङ) | प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको व्यक्ति | सदस्य |
| (च) | नगरपालिका स्वास्थ्य शाखा प्रमुख | सदस्य |
| (छ) | नगरकार्यपालिकाबाट मनोनित १ महिला सदस्य | सदस्य |
| (ज) | अस्पतालको नर्सिङ्ग ईन्चार्ज | सदस्य |
| (झ) | स्थानिय उद्योग ब्यापार संघको अध्यक्ष | सदस्य |
| (ञ) | अस्पतालको मे.सु. | सदस्य सचिव |

(३) प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी ( स्वास्थ्य संस्था संचालन तथा ब्यबस्थापन समिति), आधारभुत स्वास्थ्य सेवा केन्द्र , सामुदायिक स्वास्थ्य ईकाइ र आयुर्बेदीक औषधालय व्यवस्थापनका लागी देहाय बमोजिम सदस्य रहने गरी हरेक स्वास्थ्यको छुट्टा-छुट्टै व्यवस्थापन समिति गठन गरीने छ ।

| | | |
|---|---|---|
| (क) | नगरपालकिाका मेयर | संरक्षक |
| (ख) | नगरपाकि भित्र पर्ने सम्बन्धित स्वास्थ्य संस्था अवस्थित वडाको अध्यक्ष | अध्यक्ष |
| (ग) | समितिले मनोनित गरेको निर्वाचित महिला सदस्यहरुमध्यवाट एक जना | उपाध्यक्ष |
| (घ) | सम्बन्धित स्वास्थ्य संस्था रहेको क्षेत्रको विध्यालयका प्रधानध्यापक मध्यवाट एक जना | सदस्य |
| (ङ) | स्थानिय व्यापार संघको प्रतिनिधि एक | सदस्य |
| (च) | समितिवाट मनोनित महिला स्वास्थ्य स्वयंसेविका | सदस्य |
| (छ) | सम्बन्धित स्वास्थ्य संस्था रहेको वडा कार्यालयको कार्यकारी अधिकारी | सदस्य |
| (ज) | सम्बन्धित स्वास्थ्य संस्थाको प्रमुख | सदस्य सचिव |

(४) व्यवस्थापन समितिको बैठकमा निम्न क्षेत्रको अनिबार्य प्रतिनिधित्व रहनेगरी सदस्यहरु आमन्त्रीत गर्नुपर्ने छ ।

| | | |
|---|---|---|
| (क) | दलित, जनजातीबाट | १ जना |
| (ख) | अपांग,अशक्त वा जेष्ठ नागरीकबाट | १ जना |
| (ग) | किशोरकिशोरीहरुको तर्फबाट | १ जना |

(५) अस्पताल /स्वास्थ्य संस्था संचलना तथा व्यवस्थापन समितिका काम कर्तव्य निम्नानुसार हुनेछन् :

(क) नेपाल सरकारबाट जारी गरीएको आधारभुत स्वास्थ्य सेवा ( Basic health care package ) प्रवाह र सेवाको न्युनतम मापदण्ड ( Minimum service standard ) कार्यान्वयनको सुनिश्चितता गराउने ।

(ख) स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ११, उपदफा २ झ मा भएको नगरपालिकाको एकल अधिकार क्षेत्र अन्तर्गत उल्लेख भएका स्वास्थ्य र सरसफाई संग सम्बन्धित ( बुदा १ देखी १२ ) कार्यक्रमहरुको आफ्नो कार्यक्षेत्र भित्र योजना निर्माण र कार्यान्वयनका लागी व्यवस्थापन , समन्वय र सहजीकरण गर्ने ।

ग) स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ११, उपदफा ४ ख मा उल्लेखीत प्रदेश र स्थानिय सरकारको साझा अधिकारमा उल्लेख भएबमोजिमका स्वास्थ्य र सरसफाई संग सम्बन्धित कार्यक्रमहरु ( बुदा १ देखी १७ ) आफ्नो कार्यक्षेत्र भित्र योजना निर्माण तथा कार्यान्वयनका लागी व्यवस्थापन , समन्वय र सहजीकरण गर्ने ।

(घ) सम्बन्धित स्वास्थ्य संस्थाका कर्मचारीको प्रभावकारी परिचालनको लागि सहजिकरण गर्ने

(ङ) व्यवस्थापन समितिको नियमित रुपमा बैठक गर्ने, स्वास्थ्य संस्थामा परेको समस्याहरु पहिचान गरि समाधानको लागी आवश्यक पहल गर्ने ।

(च) स्वास्थ्य घुम्ति शिविरहरु राख्न सम्बन्धित निकायहरुसंग आवश्यक समन्वय तथा व्यवस्थापन गर्ने ।

(छ) केन्द्र, प्रदेश र स्थानीय सरकारले चलाएका स्वास्थ्य सम्बन्धि कार्यक्रम तथा अभियानहरुलाई सफल पार्न आवश्यक सहयोग र समन्वय गर्ने ।

(ज) स्थानिय स्वास्थ्य सुशासन सुदृढिकरण तथा स्वास्थ्य क्षेत्रमा सामाजिक जवाफदेहिता सुनिश्चित गर्ने, सेवाबाट बन्चित समुदायको लागि स्वास्थ्य सेवाको पहुच बृद्धि गर्ने र संस्थाको भौतिक सम्पत्तिको संरक्षण तथा नियमित मर्मत सम्भार गर्ने, गराउने ।

(झ) आफ्नो स्वास्थ्य संस्थाको तथ्यमा आधारीत बार्षिक योजना बनाई सम्बन्धित वडा समिति मार्फत नगरपालिकाको कार्यालयमा पेश गर्ने ।

(ञ) स्वास्थ्य संस्थाबाट संचालन हुने बार्षिक कार्यक्रमहरुको योजना निर्माण, लक्ष्य निर्धारण, स्व.मुल्यांकन, कार्यान्वयन तथा उपलब्धिको समिक्षा गर्ने, बार्षिक रुपमा सामाजिक परिक्षण तथा सार्बजनिक सुनुवाईको व्यवस्था गर्ने ।

(ट) स्वास्थ्य व्यवस्थापन सम्बन्धि अन्य काम गर्ने ।

८. बैंक खाता संचालन:

हरेक स्वास्थ्य संस्थाले आफ्नो छुट्टै वैंक खाता संचालन गर्नुपर्ने छ ।

(१) स्वास्थ्य संस्थाको वैंक खाता व्यवस्थापन समिति का अध्यक्ष र सदस्य सचिवको संयुक्त दस्तखतबाट संचालन हुनेछ ।

(२)उपदफा (१) बमोजिमको लेखा व्यवस्थापन र लेखा परीक्षण नगरपालिकाले तोके बमोजिम हुनेछ ।

९. स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समिति विघटन गर्न सकिने

(१) कुनै पनि स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिले तोकिएको जिम्मेवारी पुरा गर्न नसकेको भनी नगर स्वास्थ्य समितिले कारण सहित कार्यपालिकामा सिफारिश गरेमा सोको कारण खुलाई कार्यपालिकाले तोकिएको प्रक्रिया पुरा गरि स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिलाई विघटन गर्न सक्नेछ । तर यसरी विघटन गर्नु अघि स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिलाई आफ्नो सफाइ पेश गर्ने मनासिब मौका दिइनेछ ।

(२) उपदफा (१) बमोजिम स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति विघटन भएपछि अर्को समिति गठन नभएसम्म वा अन्य कुनै कारणले समिति गठन नभएसम्म कार्यपालिकाले तोके वमोजिम हुने छ ।

## परिच्छेद: ३
## स्वास्थ्य संस्था स्थापना र सञ्चालन सम्वन्धी मापदण्ड

१०. अस्पताल तथा स्वास्थ्य संस्था सञ्चालन मापदण्ड

ध्यान लगायतका रोकथाम मूलक र वैकल्पीक चिकित्सा सेवा को प्रवर्द्धनका लागि समुदाय वा ट्रष्टहरुसंगको साझेदारीमा वा नगरपालिका आफैंले कम्तीमा एउटा आयूर्वेद तथा प्राकृतिक चिकित्सा केन्द्रको स्थापना र सञ्चालन गर्न सक्नेछ ।

११. निजी क्षेत्रले अस्पताल संचालन गर्न सक्ने ।

(१) नगरपालिकाको क्षेत्र भित्र निजी क्षेत्र तथा ट्रष्ट वा लोक

कल्याणकारी संस्थाद्वारा अस्पताल संचालन गर्न चाहेमा १५ शैया सम्मको संचालन अनुमती नगरपालिकाले दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम अस्पताल संचालन गर्न चाहने निकायले अनुमतीको लागि तोकिएको ढाचामा नगरपालिकामा निवेदन दिनुपर्ने छ ।

(३) स्वास्थ्य सेवा तथा सरसफाई अनुगमन समितिले प्राप्त निवेदन उपर छलफल तथा आवश्यक अनुगमन गरी तोकिएको मापदण्ड पुरा गरेमा अस्पताल संचालनको स्वीकृती प्रदान गर्न सक्ने गरी आशय पत्र प्रदान गर्न नगर कार्यपालिकालाई सिफारिस गर्नेछ ।

(४) उपदफा (३) को आधारमा नगर कार्यपालिकाले तोकिएको समय भित्र तोकिएको मापदण्ड पुरा गरेमा यस्तो अस्पताल संचालनको स्वीकृती प्रदान गर्न सकिने आशय पत्र प्रदान गर्नेछ ।

(५) तोकिएको समय सीमा भित्र यसै ऐन बमोजिम तोकिएको पूर्वाधार तयार गरी स्वीकृतीका लागि नगर कार्यपालिकामा निवेदन दिनु पर्नेछ ।

(६) उपदफा (५) बमोजिमको निवेदन उपर आवश्यक अध्ययन गरी तोकिएको मापदण्ड पुरा गरेको ठहर भएमा अस्पताल संचालनको अनुमति प्रदान गर्न सक्नेछ ।

(७) आशयपत्रमा उल्लेख गरीएको समयसिमा भित्र तोकिएको मापदण्ड पुरा गरेको नपाइएमा स्वीकृती प्रदान गरीने छैन ।

(८) नगरपालिकाले नगरक्षेत्रमा संचालित सबै निजी स्वास्थ्य संस्थाहरुको अनुगमन गर्न सक्नेछ ।

१२. अस्पताल संचालन गर्न आवश्यक मापदण्ड: नगरपालिकाको स्वीकृतीमा संचालन हुने १५ वेड सम्मको अस्पतालहरुले देहाय अनुसारको मापदण्ड पुरा गर्नुपर्नेछ ।

(१) जनशक्ति: कम्तिमा २ जना एम.वि.वि.एस. डाक्टर, कम्तिमा ४ जना स्टाफ नर्स, ४ जना स्वास्थ्य सहायक, ४ जना अ.न.मी.कम्तिमा एक जना ल्याव टेक्निसियन र आवश्यक मात्रमा सहायक र सहयोगी स्वास्थ्यकर्मी नियमावलीमा तोकिए बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्ने छ ।

(२) भवन तथा कोठा: दर्ता चलानी, वहिरंग सेवा, बिरामी प्रतिक्षालय वा कक्ष, इमर्जेन्सी कक्ष, प्रयोगशाला, भर्ना भएका विरामी राख्ने क्याविन, नर्सिङ कक्ष, प्रशासन कक्ष, पार्किङ, तथा अन्य तोकिए वमोजिम हुनुनेछ ।

(३) उपकरण र पूर्वाधार: सडक नेटवर्कले जोडिएको, एम्बुलेन्स सेवाको उपलब्धता, विरामी राख्ने बेड र लाइफ सपोर्ट सिष्टम, २४ घण्टा विद्युत र खानेपानी सेवा भएको, अक्सिजनको व्यवस्था, चिकित्साजन्य फोहर व्यवस्थापनको प्रणाली तोकिएबमोजिम हुनुपर्ने छ ।

(४) अन्य पुर्बाधारहरु तोकिएबमोजिम हुनेछ ।

(५) नगरपालिकाले थप मापदण्ड तोकी लागु गर्न सक्नेछ ।

१३. पोलिक्लिनिक संचालनको अनुमती :

(१) नगरपालिकाले आफ्नो कार्यक्षेत्रमा कुनै व्यक्ति वा संस्थाले पोलिक्लिनिक संचालन गर्न चाहेमा तोकिएको मापदण्ड पुरा गरी स्वीकृती दिन सक्ने छ ।

(२) पोलिक्लिनिकमा विरामी जााच्ने डाक्टरको विवरण, सञ्चालकको विवरण, सञ्चालन हुने स्थान र उपलब्ध हुने सेवाको विवरण खोली नगरपालिका समक्ष निवेदन दिनुपर्ने छ ।

१४. प्रयोगशाला वा ल्याबोरेटोरी संचालन:

व्यक्ति वा कुनै संस्थाले प्रयोगशाला वा ल्यावोरेटोरी संचालन गर्न चाहेमा देहाय बमोजिमको विवरण सहित नगरपालिकाबाट स्वीकृती लिनुपर्ने छ ।

(१) संचालकको विवरण र नागरिकताको प्रमाणपत्र

(२) प्रयोगशाला वा ल्याबोरेटोरी संचालन गर्ने स्थान प्रमाणित भएको कागजात

(३) रेडियोलोजी वा प्याथोलोजी विषयमा न्यूनतम ३ वर्ष अध्ययन गरेको व्यक्तिको मान्यता प्राप्त काउन्सिलको दर्ता प्रमाणपत्र र काम गर्न इच्छुक भएको पत्र ।

(४) ल्याबमा उपलब्ध हुने परीक्षणको प्रकार र प्रस्तावित लागत ।

(५) ल्याबमा प्रयोग हुने न्यूनतम उपकरणहरुको विवरण ।

(६) प्रस्तावित लागत ।

१५. फार्मेसी संचालनको अनुमती

(१) नगरपालिकाको क्षेत्र भित्र फार्मेसी संचालन गर्न चाहेमा नगरपालिकाबाट अनुमती लिनु पर्नेछ ।

(२) आधारभूत फार्मेसी शिक्षा प्राप्त व्यक्ति सञ्चालक रहने गरी फार्मेसी सञ्चालन गर्ने स्थान, विक्री वितरण गर्ने औषधीका प्रकारहरु र प्राथमिक उपचार सेवाको विवरण आवेदनमा खुलाउनु पर्ने ।

(३) फार्मेसी सञ्चालनमा रहने मुख्य सञ्चालक र सहायक कर्मचारीहरुको विवरणहरु, शैक्षिक प्रमाण पत्र, नागरिकता र हालको वसोवास ठेगाना प्रमाण भएको कागजात र सम्वन्धित वडा कार्यालयको सिफारिस साथ आबेदन पेश गर्नुपर्ने छ ।

(४) प्राप्त विवरण सहितको आवेदन बमोजिम फार्मेसी संचालनको अनुमती दिन सक्नेछ ।

१४. मापदण्ड पुरा नगरेमा सजाय हुने:

(१) स्वास्थ्य संस्था, प्रयोगशाला, फार्मेसी जस्ता स्वास्थ्य सेवा संचालनको स्वीकृती लिदा तोकिएको मापदण्ड पुरा नभएको तर झुक्याएर विवरण दिएको वा अस्थायी रुपमा मापदण्ड पुरा गरेको पाइएमा अनुगमन समितिले सचेत गराउने, जरिवाना गराउने तथा स्वीकृती खारेजीको लागि नगरपालिकामा सिफारिस गर्न सक्नेछ ।

(२) प्रयोगशालामा तालिम प्राप्त ल्याव टेक्निसियन बाहेकका व्यक्तिले रगत, दिशा, पिसाव, खकार लगायतको परिक्षणमा संलग्न भएको पाइएमा त्यस्तो प्रयोगशाला वन्द गराउन सक्ने, सञ्चालकलाई कालो सूचीमा राखी अन्य प्रचलित कानुन अनुसार कारवाही गर्न सक्ने छ र सो कुराको आम जनतालाई जानकारी दिईने छ ।

(३) फार्मेसीको हकमा दर्तावाला सञ्चालक र सहयोगी वाहेक अरुले

औषधी बेचेको पाइएमा सचेत गराउने, जरिवाना तिराउने देखि अनुमति खारेज गर्न सक्नेछ ।

१६. सहुलियत र छुटको व्यवस्था गर्नुपर्ने: निजी लगानी र ट्रष्ट मार्फत सञ्चालनमा आएका स्वास्थ्य संस्थाहरुले कुल शैया को कम्तीमा १० प्रतिशत नगरपालिकाको सिफारिसमा तोकिएबमोजिमका गरिब, असहाय र सिमान्तकृत सेवाग्राहीहरुका लागी नि:शुल्क सेवाका लागी छुट्टयाउनु पर्नेछ ।

## परिच्छेद: ४
## स्वास्थ्यकर्मी तथा स्वास्थ्य स्वयं सेवा सम्बन्धी व्यवस्था

१७. स्वास्थ्यकर्मीको व्यवस्थापन : नगरपालिका भित्रका सामुदायीक स्वास्थ्य संस्थाहरु मार्फत आधारभूत स्वास्थ्य सेवा प्रवाहका लागि ४ प्रकारका स्वास्थ्यकर्मीहरु रहने छन् :

(१) स्थायी: नेपाल सरकारको स्वास्थ्य सेवाबाट समायोजन भई आएका स्वास्थ्यकर्मीहरु

(२) करार: स्थानीय माग र विशिष्टताका आधारमा नगरपालिका मार्फत करार सेवामा भर्ना गरिएका स्वास्थ्यकर्मीहरु

(३) अभ्यासकर्ता: स्थानीय स्तरमा खुलेका स्वास्थ्य अध्ययन संस्थानमा अध्ययनरत विद्यार्थीहरु एवं नगरपालिकाको आंशिक वा पूर्ण छात्रवृत्तिमा अन्यत्र गई स्वास्थ्य शिक्षा अध्ययन गरेका विद्यार्थीहरुलाई अभ्यासकर्ता स्वास्थ्यकर्मीको रुपमा नगरपालिकाले भर्ना गर्न सक्ने छ । यस्ता अभ्यासकर्तालाई बढीमा १ वर्षको लागि भर्ना गर्न सकिने छ ।

(४) स्वास्थ्य अभियानकर्ता र स्वयंसेविका

१८. अभियानकर्ता/स्वास्थ्य स्वयंसेविकाको व्यवस्था:

स्वास्थ्य सेवालाई घरघरको पहुाचमा पुऱ्याउन र जनचेतना फैलाउन नगरपालिकाले पुरुष स्वास्थ्य अभियानकर्ता र महिला स्वास्थ्य स्वयंसेविकाहरु नियुक्त गर्न सक्नेछ ।

(१) महिला स्वास्थ्य स्वयंसेविका र पुरुष अभियानकर्ताहरु नियुक्तिका लागि २१ वर्ष पुरा भई ४० वर्ष ननाघेको, शैक्षिक योग्यता न्युनतम एसईई उतिर्ण गरेको सम्वन्धित वडाको विवाहित नागरिक हुनुपर्ने छ ।

(२) एउटा वडामा अधिकतम संख्या १० हुने गरी औसत प्रति ३०० जनसंख्याको लागि १ जना महिला स्वास्थ्य स्वयं सेविका र ५०० जनसंख्याको लागि १ जना पुरुष अभियानकर्ताको सिफारिस वडा समितिले नगरपालिका समक्ष सिफारिस गर्न सक्ने छ ।

(३) प्रत्येक महिला स्वास्थ्य स्वय ंसेविका र अभियानकर्ताहरुले आधारभूत स्वास्थ्य सम्वन्धी १८ दिनको तालिम प्राप्त गरेको हुनुपर्नेछ । नगरपालिका र स्वास्थ्य संस्थाहरुले आवश्यकता अनुसार तालिम, अभिमुखीकरण प्रदान गर्नेछ ।

(४) यसभन्दा पहिले देखि नै कार्यरत महिला स्वयं सेवीकाहरु मध्ये निरक्षर र ६० वर्ष उमेर पुगेकालाई नेपाल सरकारले तोकेबमोजिम प्रोत्साहन भत्ताको व्यवस्था गरि विदाइ गरिने छ र नया नियुक्त गर्दा कम्तिमा एसईई उतिर्णलाई मात्र नियुक्ति दिइने छ ।

१९. स्वास्थ्यकर्मीको सेवा सुविधा:

(१) स्थायी स्वास्थ्यकर्मी: नेपाल सरकारले तोकेको स्केल वमोजिम तलव भत्ता र स्थानीय नगर कार्यपालिकाले तोके वमोजिमको अन्य सेवा सुविधा उपलब्ध गराउन सक्नेछ ।

(२) करार स्वास्थ्यकर्मी : प्रचलित तलब स्केल र दुई पक्षबीचको समझदारीमा भएको करार सम्झौता बमोजिमको सेवा सुविधा उपलब्ध गराउन सक्नेछ ।।

(३) अभ्यासकर्ता स्वास्थ्यकर्मी : निर्वाह भत्ताको रुपमा सम्वन्धित तहका स्वास्थ्यकर्मीले पाउने मासिक तलव स्केलको दुई तिहाई रकमसम्म उपलब्ध गराउन सकिने छ ।

(४) अभियानकर्ता /स्वयंसेविका : पोशाक, वार्षिक रुपमा सञ्चार खर्च,
स्वास्थ्य संस्थालाई आवश्यकता परेको वखत काममा खटाइएमा सो दिनको पारिश्रमिक, स्वास्थ्य सेवा सम्बन्धी अभियानमा खटाईएको समयमा दिइने पारिश्रमिक जस्ता सुविधाहरु उपलब्ध गराउन सकिनेछ ।

(५) स्वास्थ्यकर्मिको बिदा र सेवा सुबिधा सम्बन्धि अन्य ब्यबस्था प्रचलित कानुन बमोजिम हुनेछ ।

२०. स्वास्थ्यकर्मीको दरवन्दी निर्धारण र नियुक्ति:

सामुदायीक वा सरकारी स्वामित्वका स्वास्थ्य संस्थाहरुमा आवश्यक
स्वास्थ्यकर्मीको दरवन्दी नगरपालिकाले निर्धारण गर्ने छ ।

(१) दरवन्दी अनुसारका पदहरुमा नेपाल सरकारबाट समायोजन भई आएका स्थायी स्वास्थ्यकर्मीहरु रहने छन् । समायोजनमा नआएका कर्मचारीहरुको हकमा नगरपालिकाले दरवन्दीको अधिनमा रही करारमा स्वास्थ्यकर्मी नियुक्ति गर्न सक्ने छ ।

(२) स्वास्थ्य संस्थामा कायम भएको रिक्त दरवन्दी पदमा करार नियुक्ति गर्नु पर्ने भएमा करार नियुक्ति सम्बन्धी सम्बन्धी ब्यबस्था देहायबमोजिम छनौट समितिबाट हुनेछ :

(क) नगरपालिका प्रमुख प्रशासकीय अधिकृत संयोजक

(ख नगरपालिकाले तोकेको (कम्तीमा स्नातक तह उतिर्ण) सम्बन्धित बिषयको १ जना विज्ञ सदस्य

(ग) नगरपालिकाको स्वास्थ्य शाखा प्रमुख सदस्य सचिव

(३) नगरपालिकाको प्राबिधिक कार्यबिधी अनुसार हुनेछ ।

२१. कर्मचारी सरुवा:

(१) स्थायी स्वास्थ्यकर्मीको हकमा निजले कुनै एक स्वास्थ्य संस्थामा ५ वर्ष सेवा गरे पश्चात अर्को स्वास्थ्य संस्थामा सरुवा हुन सक्नेछ । विशेष परिस्थिती बाहेक न्यूनतम ३ वर्ष एउटै स्वास्थ्य संस्थामा कार्य गरेपछि मात्र सरुवा हुनेछ ।

(२) विशेष अवस्थामा बाहेक न्यूनतम ३ वर्ष एकै स्वास्थ्य संस्थामा कार्यरत स्थायी कर्मचारीले अर्को स्वास्थ्य संस्थामा सरुवा हुन चाहेमा नगरपालिकामा सरुवाका लागि निवेदन दिन सक्ने छन् । यसरी प्राप्त निवेदनका आधारमा स्वास्थ्य तथा सरसफाई शाखाको सिफारिसमा नगरपालिकाले आफ्नो क्षेत्र भित्रका कुनै पनि स्वास्थ्य संस्थामा सरुवा गर्न सक्नेछ ।

(३) विशेष अवस्था भन्नाले निज सो संस्थामा रहन नसक्ने, विषयगत
दरवन्दी आवश्यक नरहेको, स्वास्थ्य समस्या, पति पत्नी सगै रही सेवा गर्न पाउने अवस्था वा अन्य चित्त बुझ्दो कारण समेत बुझिने छ ।

२२. कार्य सम्पादन करार सम्झौता गर्नुपर्ने:

स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन देहाय अनुसार कार्य सम्पादन करार सम्झौताको प्रकृया अवलम्बन गर्नुपर्ने छ ।

(१) नगरपालिकाको प्रमुखको रोहवरमा प्रमुख प्रशासकीय अधिकृतले स्वास्थ्य तथा सरसफाई शाखा हेर्ने अधिकृत सग, उक्त अधिकृतले स्वास्थ्य संस्थाका प्रमुखहरुसग र प्रमुखले अन्य कर्मचारीहरुसग कार्य सम्पादन करार सम्झौता गर्नुपर्ने छ ।

(२) कार्य सम्पादन करार सम्झौता १ वर्षको हुने छ । सम्झौता अनुसार कार्य सम्पादन भए नभएको मूल्यांकन प्रमुख प्रशासकीय अधिकृतले आर्थिक वर्षको अन्त्यमा कार्यपालिका समक्ष पेश गर्नुपर्ने छ ।

(३) वार्षिक कार्य सम्पादन करारका सूचकहरु निर्धारण गर्ने कार्य स्वास्थ्य सेवा व्यवस्थापन तथा अनुगमन समितिले तयार पारी नगरपालिकामा पेश गर्नुपर्ने छ ।

२३. कार्य सम्पादन मूल्यांकन र सजाय तथा पुरस्कार

(१) कार्य सम्पादन करार भएका कर्मचारीहरुको कार्य सम्पादन क्षमताको आधारमा मूल्याान गरी कार्य सम्पादनमा उत्कृष्ट नतिजा हासिल गर्ने कर्मचारीलाई पुरस्कृत गर्ने र कमजोर नतिजा हासिल गर्ने कर्मचारीलाई , नसिहत, सजाय /सुधारको लागी पृष्टपोषण प्रदान गर्नु पर्दछ ।

(२) कार्य सम्पादन सम्झौताको मूल्यांकन पुरस्कार र सजाय नगरपालिकाले तोके बमोजिम हुनेछ ।

२४. पदिय आचरण तथा अन्य व्यवस्था

(१) देहायका अबस्थामा स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मि, कर्मचारी तथा स्वास्थ्य कार्यकर्तालाई पदबाट हटाउन नगरपालिकाको स्वास्थ्य समितिले कार्यपालिका समक्ष सिफारिस गर्नेछ । सो उपर अनुगमन प्रतिबेदनका आधारमा कार्यपालिकाले सेवाबाट बर्खास्त गर्न सक्नेछ ।

(क) तोकिएबमोजिम पदिय दायित्व पुरा नगरेमा,

(ख) बिना सुचना लगातार १५ दिन भन्दा बढि समय तोकिएको स्वास्थ्य संस्थामा अनुपस्थित भएमा ,

(ग) स्वास्थ्य संस्थामा मादक पदार्थ सेवन गरी आएको कुरा प्रमाणित भएमा,

(घ) नैतिक पतन देखीने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा ।

(ङ) कार्यालय समयमा अन्यत्र सेवा वा अन्य व्यबसायिक कृयाकलाप गरेमा ,

(च) राजनैतिक दलको कार्यकारिणी समितिमा रहेको प्रमाणित भएमा ।

(छ) व्यवसायीक हकहितका नाममा सुक्ष्म रुपमा अमुक राजनैतिक दलको मात्र हित वा बिरोधमा कार्य गर्ने संगठनका गतिबिधीमा कार्यालयको समयमा संलग्न भएको प्रमाणित भएमा ।

स्पष्टिकरण : यस खण्डको प्रयोजनका लागी कार्यकारिणी समिति भन्नाले राजनैतिक दलको बिधान बमोजिम गठित केन्द्रिय स्तर, प्रदेश स्तर , जिल्ला स्तर वा स्थानिय स्तरका कार्यकारिणी समिति सम्झनु पर्दछ ।

(२) उपदफा (१) बमोजिम वा अन्य माध्यमले कनै स्वास्थ्यकर्मि वा कर्मचारीलाई पदबाट हटाउनु पर्ने कारणको आवश्यक प्रमाण प्राप्त भएमा नगरपालिकाले निजलाई पदबाट हटाउन सक्नेछ , तर कार्यरत पदबाट हटाउनु अघि मनासिव स्पष्टिकरण र माफिको मौका प्रदान गरीने छ ।

२५. अदालतको आदेशबाट पुन:बहाली हुनसक्ने :

(१) दफा २३ मा उल्लेख भएका कुनै आरोप वा कुनै आरोपमा सजाय भइ नोकरीबाट हटाईएको वा बर्खास्त भएको स्वास्थ्यकर्मि, कर्मचारी अदालतको आदेश वा फैसला बमोजिम मात्र नोकरीमा पुन: बहाली हुन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पुन:बहाली भएको स्वास्थ्यकर्मि वा कर्मचारीले नोकरीबाट हटेको दिनदेखी पुन:बहाली भएको मितिसम्मको पुरा तलब,भत्ता, तलब बृद्धि तथा अन्य सुबिधा पाउन योग्य भए सो समेत पाउनेछ ।

## परिच्छेद: ५

## औषधी तथा स्वास्थ्य उपकरणको खरिद, भण्डारण र वितरण सम्बन्धी व्यवस्था

२६. वार्षिक खरिद योजना बनाउनु पर्ने:

(१) आफ्नो क्षेत्र भित्र वार्षिक रुपमा आवश्यक पर्ने औषधी तथा स्वास्थ्य उपकरणको अनुमानीत खरिद गर्न वार्षिक खरिद योजना बनाई स्वीकृत गराउनु पर्नेछ ।

(२) वार्षिक खरिद योजना स्वास्थ्य तथा सरसफाई शाखाको सहयोगमा खरिद एकाईले तयार गर्नेछ ।

२७. औषधी तथा स्वास्थ्य उपकरण खरिद

(१) औषधी तथा स्वास्थ्य उपकरणको खरिदका लागि नगरपालिका स्वास्थ्य तथा सरसफाई शाखाले प्रक्रिया अघि वढाउने छ ।

(२) औषधी तथा स्वास्थ्य उपकरणको खरिद कार्यमा सार्वजनिक खरिद ऐन र विषयगत स्थानीय कानूनहरुको प्रावधान अनुसार गर्नुपर्ने छ ।

(३) औषधी तथा स्वास्थ्य उपकरण खरिद गर्दा सार्वजनिक खरिद ऐनको पूर्ण पालना गर्नुपर्ने छ ।

२८. औषधी तथा स्वास्थ्य उपकरणको भण्डारण

(१) खरिद गरिएको औषधी तथा स्वास्थ्य उपकरणको सुरक्षित भण्डारणको व्यवस्था नगरपालिका स्वास्थ्य तथा सरसफाई शाखाले मिलाउने छ ।

(२) स्वास्थ्य उपकरण र औषधीको खरिद चौमासिक रुपमा गर्नुपर्ने छ ।

तर महामारीजन्य प्रकोपको अबस्थामा आकस्मिक रुपमा खरीदगर्न सकिनेछ ।

(३) खरिदको परिमाण निर्धारण सम्वन्धित स्वास्थ्य संस्थाले माग गरे वमोजिम २० प्रतिशतमा नवढाइकन गर्नुपर्ने छ ।

(४) नगरपालिकाले खरिद गरेको उपकरण र औषधीको कुल परिमाण र मूल्य खरिद मितिको १ हप्ताभित्र सार्वजनिक गर्नुपर्ने छ ।

(५) सम्वन्धित सामुदायिक स्वास्थ्य संस्थाले नगरपालिकाबाट प्राप्त गरेको उपकरण र औषधी तथा औषधी वितरण सम्वन्धी विस्तृत विवरण चौमासिक रुपमा सार्वजनिक गर्ने र नगरपालिकामा बुझाउनु पर्नेछ ।

## परिच्छेद ६
## स्वास्थ्य सेवाको न्यूनतम मूल्य र गुणस्तर, सामाजिक सुरक्षा अनुगमन सम्बन्धी व्यवस्था

२९. स्वास्थ्य सेवाको न्यूनतम मूल्य र गुणस्तर तोक्न सक्ने

(१) नगरपालिकाले स्थानीय स्तरमा सञ्चालित चिकित्सकीय उत्पादन र

स्वास्थ्य सेवाहरुको न्यूनतम मूल्य र गुणस्तर निर्धारण गर्न सक्नेछ । स्थानीय स्वास्थ्य सेवा अनुगमन समिति मार्फत निर्धारित गुणस्तर र मूल्य भए नभएको अनुगमन गरी सो अनुरुप कार्य गराउन निर्देशन दिने छ ।

३०. सामाजिक सुरक्षा कार्यक्रम संचालन तथा व्यवस्थापन

(१) नगरपालिकाले राष्ट्रिय र प्रादेशिक नीति अनुसार स्वास्थ्य बिमा कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्न आवश्यक सहजिकरण, जनचेतनाका कार्यक्रम तथा अभियानहरु संचालन तथा व्यवस्थापन गर्नेछ ।

(२) आवश्यकतानुसार अन्य सामाजिक सुरक्षा कार्यक्रमहरु तयार गरी संचालन तथा व्यवस्थापन गर्नुपर्नेछ ।

३१. सरसफाई र स्वच्छताका लागि अनुगमन तथा नियमन

(१) स्वस्थ खानेपानी र खाद्यपदार्थको गुणस्तर एवं वायु तथा ध्वनी प्रदुषण नियन्त्रण गर्न स्वास्थ्य तथा सरसफाई अनुगमन समितिले आवश्यक व्यवस्था मिलाउने छ ।

(२) प्रदुषण वढाउने उद्योग, संस्थान वा व्यक्तिलाई सो सम्वन्धी सचेत गराउन र सो बाट पर्न जाने हानी नोक्सानीको क्षतिपूर्ति गराउन सिफारिस गर्न सक्ने छ ।

(३) सिफारिस वमोजिम नगर कार्यपालिकाले दण्ड, जरिवाना तथा अन्य कारवाही सम्वन्धी व्यवस्था मिलाउन सक्नेछ ।

## परिच्छेद ७

## महामारी रोकथाम, फोहोर मैला व्यवस्थापन सम्बन्धी व्यवस्था

३२. रोग तथा रोगीहरुको अभिलेख राख्नुपर्ने:

(१) स्थानीय स्तरमा कुनै नागरिकलाई सरुवा रोग लागेमा सो को जानकारी २४ घण्टा भित्र नजिकका सामुदायिक स्वास्थ्य संस्था वा स्वयंसेविकालाई टिपोट गराउनु पर्नेछ ।

(२) कसैलाई नसर्ने रोग लागेमा सो को जानकारी ५ दिन भित्र नजिकको सामुदायिक स्वास्थ्य संस्था वा स्वास्थ्य स्वयंसेविकालाई टिपोट गराउनु पर्नेछ ।

(३) टिपोट गराइएका रोगीहरुको विवरण सम्वन्धित स्वास्थ्य संस्थाहरुले मासिक रुपमा वडा समिति र नगरपालिकाको स्वास्थ्य सूचना प्रणालीमा दाखिला गराउनु पर्नेछ ।

३३. महामारी रोकथाम तथा नियन्त्रण गर्न अभियान संचालन गर्नुपर्ने :

(१) स्थानीय स्तरमा रोगको महामारी फैलिएमा नगरपालिकाले सो को प्रभाव क्षेत्र निर्क्यौल गरी विद्यालयहरु वन्द गर्न, अस्थायी रुपमा वस्ती खाली गर्न वा अन्यत्रका सर्वसाधारणलाई भ्रमणमा प्रतिवन्ध समेत लगाउन सक्नेछ ।

(२) यस्तो परिस्थितिमा महामारीबाट थप क्षती हुन नदिन आवश्यक शतर्कता अपनाउने,जनचेतनामुलक कार्यक्रम गर्ने, स्वास्थ्य शिबिर संचालन गर्ने, आवश्यक जनशक्ति परिचालन गर्ने र थप जनशक्तिको लागि छिमेकी स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारमा अनुरोध गरी प्रभावकारी परिचालन गर्नुपर्नेछ ।

(३) महामारी तथा प्रकोपजन्य अबस्थामा नगरपालिकाले एउटा आकस्मिक कोष बनाई सो कोषबाट आबश्यक संक्रमण रोकथाम, नियन्त्रण तथा व्यवस्थापनको कार्य गर्न सक्नेछ ।

३४. सूर्ती, मदिरा तथा सुर्तीजन्य पदार्थको नियमन

(१) सुर्ती तथा मदिराजन्य पदार्थ विक्री वितरणको लागि नगरपालिकाबाट छुट्टै अनुमती लिनु पर्नेछ ।

(२) खाद्य पदार्थ विक्रि गर्ने पसलमा सुर्ती तथा मदिराजन्य पदार्थ विक्रि वितरण गर्न बन्देज लगाइने छ ।

(३) सुर्ती, मदिरा र लागू पदार्थजन्य वस्तुको विक्री वितरण र प्रयोगमा नियन्त्रण गर्न निषेधित र खुल्ला क्षेत्रहरु तोक्न सक्नेछ । विद्यालय, सरकारी कार्यालय, हाटवजार जस्ता क्षेत्रहरुको निश्चित दुरी तोकी धुम्रपान र मदिरापान निषेध गर्नेछ ।

(४) खाद्य पदार्थसंगै सुर्ती तथा मदिराजन्य पदार्थ विक्रि वितरण गरेमा,

निषेधित क्षेत्रमा धुम्रपान र मदिरा सेवन गरेमा स्थानीय प्रशासनको सहयोगमा नगरपालिकाले तोकिए वमोजिम कारवाही गर्ने छ ।

३५. सरसफाई सम्बन्धि कार्यक्रम तथा फोहोर मैला व्यवस्थापन:

(१) नगरपालिका स्वास्थ्य तथा सरसफाई शाखाले व्यक्तिगत, घरेलु तथा सामुदायिक सरसफाईका मापदण्ड तयार गरी प्रत्येक आर्थिक वर्षको पहिलो महिना भित्र नगरपालिकाबाट अनुमोदन गराउनु पर्ने छ ।

(२) यसरी अनुमोदन भएको मापदण्डलाई वडा कार्यालय र स्वास्थ्य संस्थाले पुरुष अभियानकर्ता र महिला स्वयंसेविकाहरु परिचालन गरी सवै घर परिवारसम्म वितरण गर्ने छन् ।

(३) घर निमार्ण गर्दा शौचालयको फोहर व्यवस्थापन गर्ने विधि र घरेलु फोहर विसर्जन गर्ने स्थानको अनिवार्य व्यवस्था भएको हुनुपर्ने छ ।

(४) एक परिवारको शौचालय, ढल र फोहर मैला व्यवस्थित नभएको कारण अर्को परिवारमा हानी नोक्सानी पर्न गएमा सो को क्षतिपूर्ति हानी पुऱ्याउने परिवारले तिर्नुपर्ने छ ।

(५) शहरी तथा अर्ध शहरी क्षेत्रमा निस्कासित फोहरमैला पुन:प्रयोग गरी कम्पोष्ट मल बनाइएको अवस्थामा नगरपालिकाले प्रोत्साहन रकम प्रदान गर्न सक्ने छ ।

(६) नगरक्षेत्र भित्र फोहर मैला व्यवस्थापनको लागि नगरपालिकाले छुट्टै फोहर मैला व्यवस्थापन समिति गठन गरी कार्य सम्पादन गर्न सकिने छ ।

(७) सरसफाई सम्बन्धि व्यवहारहरु जस्तै: साबुन पानीले हात धुने, नियमित चर्पि प्रयोग गर्ने, शुद्ध पानी पिउने आदी विषयमा व्यवहार परिवर्तनका क्रियाकलापहरु संचालन गरिने छ ।

३६. एम्बुलेन्स सम्बन्धि व्यवस्था

(१) नगरपालिकाले एम्बुलेन्स खरीद गरी नगरबासीहरुलाई सहुलियत दरमा एम्बुलेन्स सेवा संचालन निर्देशिका बनाई सेवा प्रदान गर्न सक्नेछ ।

## परिच्छेद ८
## विविध

३५. प्राईभेट मेडिकल कलेज, स्वास्थ्य अध्ययन संस्थान र ठूला अस्पताल सञ्चालनका लागि सिफारिस

१. राष्ट्रिय र प्रादेशिक मापदण्ड अनुरुप निजिस्तरमा मेडिकल कलेज तथा स्वास्थ्य अध्ययन संस्थान, अस्पताल वा निदान केन्द्र स्थापनाका लागि सम्वन्धित वडा र नगरपालिकाबाट सिफारिस लिनुपर्नेछ ।

(२) उपदाफा (१) बमोजिमको सिफारिस लिदा वातावरणीय प्रभाव अध्ययन गरी स्थानीय स्तरमा पर्ने नकारात्मक प्रभावहरुको न्यूनिकरणका लागि कार्यक्रम र वजेट प्रस्ताव गरिएको हुनुपर्ने छ ।

(३) सिफारिसका लागि नगरपालिका आर्थिक ऐनले तोके वमोजिमको राजश्व दस्तुर बुझाउनु पर्नेछ ।

(४) उपदाफा (१) बमोजिमको नगरपालिकामा संचालित स्वास्थ्यसंग सम्बन्धित निजी स्वास्थ्य संस्था, क्लिनीकहरुले आफुले प्रदान गरेका सेवाहरुको प्रतिबेदन मासिक रुपमा नगरपालिका स्वास्थ्य तथा सरसफाई शाखामा पेश गर्नुपर्ने छ ।

३६. राष्ट्रिय तथा प्रादेशिक अभियानलाई सघाउ पुऱ्याउनु पर्ने:

स्वास्थ्य सेवा सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्ड पुरा गर्न संघीय तथा प्रदेश सरकारले संचालन गरेको अभियानलाई नगरपालिका स्वास्थ्य तथा सरसफाई शाखाले समन्वय गर्ने छ ।

३७. आमा समूह, बैद्य, धामी र झाक्री सेवाको अभिलेख अद्यावधिक गरी तिनीहरुको क्रियाकलापलाई स्वास्थ्य तथा सरसफाई शाखाले अनुगमन र व्यवस्थित गर्नेछ ।

३८. नगरपालिका क्षेत्र भित्र कार्यरत स्वास्थ्य र सरसफाई सम्बन्धी संस्थाहरुले आफ्नो प्रगति विवरण त्रैमासिक रुपमा नगरपालिका समक्ष बुझाउनु पर्नेछ ।

३९. नगरपालिकाले आधारभूत स्वास्थ्य तथा सरसफाई सेवा प्रदान गर्नका लागि अन्य सरकारी निकाय, निजी व्यवसायी, सामाजिक संघ/संस्था, ट्रष्ट र व्यक्तिहरुसंग बिभिन्न क्रियाकलापहरुका लागि साझेदारी गर्न सक्ने छ र तिनीहरुबाट औषधी, उपकरण, विशेषज्ञ सीपहरुको सहायता प्राप्त गर्न सक्नेछ ।

४०. पुनरावेदन: तोकिएको अधिकारीले गरेको सजायको आदेश उपर कानून वमोजिम पुनरावेदन लाग्नेछ ।

**४१.** दण्ड र सजाय

**(१)** कसैले सरकारी, समुदायिक, सार्वजनिक गुठीको स्वामित्वमा सञ्चालित स्वास्थ्य संस्था तथा स्वस्थ्य सेवा व्यबसायको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई स्वास्थ्य समितिको सिफारीसमा कार्यपालिकाले बिगो असुल हुने गरी बिगो बमोजिम जरिवाना गर्नसक्नेछ ।

२) कसैले देहाय बमोजिमका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुऱ्याएमा त्यस्तो व्यक्तिलाई कसुरको मात्रा हेरी कानूनले तोके बमोजिम सजाय हुनेछ :-

(क) उपचार, सेवा र सेवा संग सम्वन्धित विषयको व्यक्तिगत गोपनियता भङ्ग गरेमा,

(ख) स्वास्थ्य परीक्षण, उपचार तथा सेवा दिदा लापरवाही, विभेद वा गैर जिम्मेवारीपूर्ण कार्य गरेमा,

(ग) उपचारमा गलत नियत राखी दुख दिएमा, अमर्यादित कार्य गरेमा, आर्थिक नाफा कमाउने नियत राखेको प्रमाणित भएमा ।

(घ) कानून विपरितका अन्य कार्य गरेमा ।

३) नगर/पालिकाको तथा तोकिएको अधिकारीले गरेको सजायको आदेश उपर कानून बमोजिम पुनरावेदन लाग्नेछ

४२. नियम बनाउने अधिकार:

(१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नगरपालिकाले आवश्यक नियम वनाउन सक्नेछ ।

(२) यस ऐनको कार्यान्वयनको लागि नगरपालिकाले आवश्यक निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

४३. संक्रमणकालीन व्यवस्था: यस ऐनले तोकिए वमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली नआउदासम्म नगर कार्यपालिकाले गर्न सक्नेछ ।

४४. बाधा अडकाउ फुकाउने अधिकार: यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा नगर कार्यपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेश यसै ऐनमा परे सरह मानिने छ । तर यस्तो आदेश नगर सभाले ६ महिना भित्रमा अनुमोदन नगरेमा स्वत: निष्कृय हुनेछ ।

४५. बचाउ र लागू नहुने:

(१)यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिए जति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित कानुन बमोजिम हुनेछ

(२) संविधान, संघीय कानुन तथा प्रदेश कानुनसाग बाझिएमा यस ऐनका दफा तथा उपदफाहरु बाझिएको हदसम्म स्वत: निस्क्रिय हुनेछ ।

आज्ञाले,

झलक के.सी.

निमित्त प्रमुख प्रशासकीय अधिकृत